Office of the Personal Representative of the Secretary General in Nepal

नेपालस्थित महासचिवका स्वकीय प्रतिनिधिको कार्यालय

**संयुक्त राष्ट्रसंघीय महासचिवको स्वकीय प्रतिनिधि**

**इयान मार्टिनको प्रेस विज्ञप्ती**

**४ माघ २०६३**

मैले पछिल्लोपल्ट तपाईंहरूसँग कुरा गरेदेखि विभिन्न क्षेत्रमा धेरै कुराहरू भइसकेका छन् । मेरो न्यूयोर्कको यात्रा सुखद रह्यो । त्यहाँ मैले महासचिव वान की मून तथा सुरक्षा परिषदलाई नेपालबारे जानकारी गराएँ । शान्ति सुदृढीकरणको दिशामा नेपालमा भएको निरन्तर प्रगतिबाट महासचिव तथा सुरक्षा परिषद दुवै उत्साहित भएका छन् । उनीहरू नेपाल सरकारको आग्रहअनुसार नेपालमा नयाँ संयुक्त राष्ट्रसंघीय नियोग स्थापना गर्ने कुरामा निकै उत्साही देखिए । त्यस नियोगलाई अन्मिन (UNMIN) भनिनेछ । महासचिवको प्रतिवेदनका आधारमा तयार पारिएको अन्मिनको स्थापनासम्बन्धी प्रस्तावप्रति सुरक्षा परिषदले अग्रिम परामर्शहरू गरेको छ । नेपाली जनताद्वारा अर्को ऐतिहासिक उपलब्धिका रूपमा नेपालको अन्तरीम संविधान घोषणा भई अन्तरीम व्यवस्थापिका स्थापना भएको अवसरमा यी कदमहरू चालिनु उपयुक्त देखिन्छ ।

हामीले हतियार तथा सैन्यहरूको संयुक्त राष्ट्रसंघीय अनुगमन कार्यमा भएको महत्वपूर्ण उपलब्धि पनि हासिल गरेका छौं । हाल पैंतीस सदस्यीय पूर्ण अग्रिम राष्ट्रसंघीय अनुगमनकर्ताहरूको टोली नेपालमा कार्यरत छ । अनुगमनकर्ताहरू नेपालगञ्ज तथा काठमाण्डूमा संचालन हुने गरी तैनाथ गरिएका छन् । साथै एक अग्रिम टोली विराटनगरमा कार्यालय स्थापनार्थ त्यसतर्फ प्रस्थान गरेको छ ।

माओवादी सेनाका हतियार तथा लडाकूहरूको दर्ता कार्यको थाल्नी हिजो चितवन र नवलपरासीको तेस्रो तथा चौथो डिभिजन अस्थायी शिविरहरूमा भयो । हामीले आफ्ना आधारभूत केन्द्र तथा क्वार्टरहरू पनि सुर्खेतस्थित छैठौं डिभिजनस्थलमा स्थापना गरेका छौं । हामीले आउँदो साताको प्रारम्भमै त्यस्ता केन्द्रहरू सम्पूर्ण सातवटै मुख्य स्थलहरू स्थापना गरिसकेका हुनेछौं । दर्ता प्रकृयामा नेपाली दर्ता अधिकृतहरूलाई  प्रशिक्षण दिंदै गरेका अफगानिस्तानस्थित युएनडीपीबाट सहयोगस्वरूप

पठाइएका दर्ता विशेषज्ञहरू सम्मिलित टोलीहरूले सघाइरहेका छन् । यसका अतिरिक्त हामीले स्थलहरूमा अन्तरीम कार्यदलबाट राम्रो सहयोग तथा समर्थन प्राप्त गरिरहेका छौं ।

दर्ता प्रकृया सुचारु रूपले थाल्नी भएको छ । हामी स्थलहरूमा दर्ता हुने हतियार तथा व्यक्तिहरूको दैनिक लागतबारे जानकारी गराउने छैनौं । तर हामी उपयुक्त समयमा सम्बन्धित निकायहरूसँग उक्त जानकारी आदानप्रदान गरिरहने छौं । सोबारे प्रकृया समाप्त भएपछि मात्र सार्वजनिक हुने कुरामा विश्वस्त छौं ।

हाम्रा अनुगमनकर्ताहरूले नेपाल सेनाका कमाण्डरहरूसँग भेट्ने तथा अन्तरक्रिया गर्नेखालको फलदायी स्थलगत भ्रमणहरू पनि गरेका छन् । नेपाल सेनाले पनि सम्झौताअनुसार एकल साँचो व्यवस्थापनअन्तरगत दर्ता प्रकृया समाप्त हुनासाथ चाँडै नै उतिकै संख्यामा आफ्ना हातहतियारहरू भण्डारण गर्ने कुरामा विश्वस्त छौं ।

आज बिहान मात्रै संयुक्त अनुगमन समन्वय समितिको सातौं बैठक बस्यो । संचार, समन्वय तथा सूचना आदानप्रदानसम्बन्धी यस महत्वपूर्ण संयन्त्रभित्र तीनवटै पक्षले देखाएको भव्य सहयोगबाट हामी निकै हर्षित भएका छौं । छलफल गरिएका विभिन्न सवालहरूमध्ये संयुक्त अनुगमन समन्वय समितिले स्याटलाइट अस्थायी शिविर सबैमा सहमति जनाएको छ । एउटाको स्थान परिवर्तन गर्ने काम आज गरिंदैछ ।

सोमवार हाम्रो प्रमुख निर्वाचन सल्लाहकार, डा. फिदा नसरल्लाहको आगमनसँगै हाम्रो अन्तर्राष्ट्रिय निर्वाचन सहयोग टोलीको संख्या बढ्दो छ । प्रमुख निर्वाचन आयुक्तको निमन्त्रणामा उक्त टोली आफ्नो कार्यालय निर्वाचन आयोगमा स्थान्तरण गर्ने प्रकृयामा छ । यसबाट उनीहरूलाई आफ्ना समकक्षीहरूसँग झन निकट रही काम गर्न सजिलो हुनेछ । अन्तर्राष्ट्रिय निर्वाचन सहयोग टोलीले मतदाता दर्ता प्रकृयाका लागि व्यापक अनुदान सहयोग प्राप्त गर्ने दिशामा पनि महत्वपूर्ण प्रगति गरेको छ । कानूनी ढाँचाको विकाससँगै हाल संयुक्त राष्ट्रसंघीय प्राविधिक सहयोगका कार्यहरू उपकरणहरू, अनुदान समन्वय तथा सहयोग प्राप्त गर्न सघाउने कुरामा केन्द्रित छन् ।